# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## विदुर, नुवाकोट
## बागमती प्रदेश, नेपाल

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**पसल कवल भाडामा दिने सम्बन्धी ७ दिने शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना**

**(तेहौ पटक प्रकाशित मितिः २०८३/०२/२१)**

**ठेक्का नं. BM/SQ/Revenue/०६/०८२/०८३**

विदुर नगरपालिकाको स्वामित्वमा रहेको वडा नं ९ कोलनी स्थित १५ वटा सटरहरुमध्ये एउटा सटर नगर पालिकाको नै स्वामित्वमा रहने गरी यातायात व्यवसायी ( टिकट काउन्टर ) लाई उपलब्ध गराउने र ७ वटा सटर भाडामा दिई सकेको हुँदा बाँकी ७ वटा सटर पसल कवलहरु २०८५ साल आषाढ मसान्त सम्मका लागि सिलवन्दी दरभाउपत्र आव्हान गरी भाडामा लगाउने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा फर्मको आधिकारिक प्रमाणपत्रको प्रतिलिपी र नगरपालिकामा दर्ता गरिएको व्यवसाय कर प्रमाणपत्रको प्रतिलिपिसहितं देहायका शर्त बमोजिम न्यूनतम अंकबाट वढावढ गरी ईच्छुक व्यक्ति, फर्महरुबाट शिलवन्दी दरभाउपत्र पेश गर्नका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरुः

१. शिलवन्दी दरभाउपत्र यस कार्यालयको राजश्व शाखाबाट सूचना प्रकाशित मितिले ७ औं दिन सम्ममा रु. १,०००/०० (पछि फिर्ता नहुने गरी) मा खरिद गर्नुपर्नेछ र खाम बाहिर प्रष्टसँग माथि उल्लिखित विषय खुलाई शिलवन्दी गरी ८ औं दिन दिनको १२.०० वजे सम्ममा पेश गर्नु पर्नेछ र पेश गरिएका शिलवन्दी दरभाउपत्र सोही दिन २.०० वजे विदुर नगरपालिकामा खोलिने छ । शिलवन्दी दरभाउपत्र पेश गर्ने र खोलिने दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ।

२. सटरहरुको गणना गर्दा पश्चिमतिर (वडा नं. ९ को वडा कार्यालय जाने बाटो) बाट पहिलो सटर लाई १ नं. दोस्रो लाई २ नं. मानी क्रमशः हुदैं पूर्व तर्फको अन्तिम सटरलाई १५ नं. मानिनेछ ।

३. दरभाउपत्र सटर नम्बर तोकी छुट्टाछुट्टै रुपमा पेश गर्नु पर्नेछ । भाडादर न्यूनतम मासिक रु. ६,०००/०० का कायम गरिएको छ ।सम्झौताको २ वर्षपछी हरेक २ वर्षमा भाडादर पुनरावलोकन गरिनेछ ।

४.१५ वटा सटर मध्ये पूर्व तर्फको एक सटरमा मासु पसल राख्नुपर्ने, र अन्य सटरहरु विभिन्न आईटमका पसलहरु राख्नु पर्नेछ ।कानूनले वन्देज गरेका र सामाजिक वातावरणलाई खलल् पुऱ्याउने मेटल वर्कशप, गाडी /मोटरसाईकल वर्कशप जस्ता ध्वनी /कम्पन /वातावरण प्रदुषण हुने कुनै व्यवसाय सञ्चालन गर्न पाइने छैन ।

CamScanner

विदुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

५.शिलवन्दी दरभाउपत्र दाताले आफूँले कवोल गरेका भाडा रकम अंक र अक्षर प्रष्टसँग लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

६. म्याद नाघी वा रित नपुगी प्राप्त शिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

७. कारण खुलाई वा नखुलाई शिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार विदुर नगरपालिकामा रहनेछ ।

८. ऐन, नियम बमोजिम बुझाउनु पर्ने सम्पूर्ण करहरु शिलवन्दी दरभाउपत्रदाता स्वयमले बुझाउनु पर्नेछ ।

९. शिलवन्दी दरभाउपत्र स्वीकृत पश्चात सम्झौता गर्ने समयमा आफूले कवोल गरेको मासिक भाडा दरको तीन महिना बराबरको धरौटी बापत रकम धरौटी खातामा र पहिलो महिनाको भाडा रकम दाखिला गरी सम्झौता गर्न आउनु पर्नेछ । म्यादभित्र धरौटी र पहिलो महिनाको भाडा रकमसहित सम्झौता गर्न नआएमा शिलवन्दी दरभाउपत्र पेश गर्दा राखिएको धरौटी जफत गरी दरभाउपत्र रद्ध गरिनेछ ।

१०. भाडा रकम प्रत्येक महिनाको २५ गतेभित्र विदुर नगरपालिका वडा नं. ९ को कार्यालयमा बुझाउनु पर्नेछ ।

११. प्रत्येक वा सबै सटरको लागि न्यूनतम कबोल रकमको १ दरभाउपत्र परे पनि सम्झौता गर्न बाधा परेको मानिने छैन।

१२. सम्झौता अवधि सम्झौता भएको मितिदेखि सटर भाडा लागु हुनेछ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित ऐन, नियममा उल्लेख भए अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
विदुर नगरपालिका

CamScanner